नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार काठमाडौं

**राष्ट्रिय युवा परिषद्को उपाध्यक्षको नियुक्तिको लागि दरखास्त आव्हान सम्वन्धी सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७८।०९।०९**

राष्ट्रिय युवा परिषद ऐन २०७२ अनुसार गठित उपाध्यक्ष सिफारिस समितिले राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष छनोट गरी मन्त्रिपरिषद्मा सिफारिस गर्नु पर्ने भएकाले देहायका योग्यता र अनुभव पुगेका इच्छुक व्यक्तिबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र (२०७८।०९।१५ गते सम्म) सिफारिस समितिको सचिवालय नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयमा कार्यालय समयभित्र दरखास्त पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. योग्यता र अनुभव : राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष पदमा नियुक्तिको लागि राष्ट्रिय युवा परिषद् ऐन २०७२ को दफा २० को उपदफा (२) मा उल्लिखित देहाय बमोजिमको योग्यता र अनुभव हासिल गरेको हुनु पर्नेछ ।

(क) नेपाली नागरिक
(ख) नेपाल सरकारबाट मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण भएको सो भन्दा माथिल्लो योग्यता भए सो समेत
(ग) स्नातक तह उत्तीर्ण गरी युवाका क्षेत्रमा कम्तीमा सात बर्ष काम गरेको र सो भन्दा बढी अवधिको अनुभव भए सो समेत खुलाउने
(घ) प्रचलित कानूनले अयोग्य नभएको
(ङ) २८ वर्ष उमेर पुरा भएको र ४५ बर्ष ननाघेको

२. राष्ट्रिय युवा परिषद्को उपाध्यक्षको काम कर्तव्य र अधिकार राष्ट्रिय युवा परिषद ऐन, २०७२ को दफा १६ बमोजिम हुनेछ ।

३. दरखास्तका साथ पेश गर्नु पर्ने कागजातहरु :

रितपूर्वक भरेको दरखास्त फारमका साथ देहायका विवरणहरु खुल्ने प्रमाणित कागजातहरु पेश गर्नु पर्नेछ। दरखास्त फारमको नमुना यसैसाथ सम्लग्न छ।

(क) नेपालको नागरिकता प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपि ।
(ख) शैक्षिक योग्यता सम्वधी कागजातहरुका स्वयं प्रमाणित प्रतिलिपि, कम्तिमा स्नातकतह र सो भन्दाको माथिल्लो योग्यता भए सो समेत ।
(ग) स्नातक तह उत्तीर्ण गरी राष्ट्रिय वा अन्तर्राष्ट्रिय रुपमा युवाका क्षेत्रमा कम्तिमा ७ वर्ष काम गरेको अनुभव खुल्ने कागजातका स्वयं प्रमाणित प्रतिलिपि र सो भन्दा बढी अवधिको कार्यको अनुभव भए सो समेत।
(घ) नेपालमा युवाको हक, हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा कार्ययोजना ।

४. कार्ययोजनाको संभावित खाका देहाय बमोजिम हुनेछ ।

क. परिचय
ख. दुरदृष्टि, लक्ष्य र उद्देश्य
ग. नेपालमा युवा क्षेत्रको वर्तमान अवस्था विश्लेषण ( SWOT analysis सहित)
- नीतिगत र कानुनी व्यवस्था
- संस्थागत संरचनाको अवस्था
- जनशक्तिको अवस्था
- युवाको राष्ट्रिय अन्तराष्ट्रिय उपस्थिति र उपलव्धि
- नेपालमा युवाका क्षेत्रमा सुधार गर्नु पर्ने प्रमुख पक्ष तथा क्षेत्रहरु( कारण सहित )

घ. प्रस्तावित योजना (रणनीति र कार्यनीति सहित)
- संस्थागत क्षमताको विकास (राष्ट्रिय युवा परिषद्)
- युवा तथा जनशक्तिको विकास
- युवाहरुको ज्ञान, सीप र श्रम विकास
- युवाका क्षेत्रमा संघ प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य

ङ. योजना कार्यान्वयन खाका

५. मुल्याकनका आधार : उम्मेदवारको मुल्याङ्कनको आधारहरु शैक्षिक योग्यता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा युवाका क्षेत्रको कार्य अनुभव, कार्ययोजनाको मूल्याङ्कन र प्रस्तुतिकरण रहनेछन् ।

६. दरखास्त रद्द हुन सक्ने : गलत वा झुटा कागजात पेश गरेमा वा प्रकरण २ वमोजिमका कागजातहरु सम्लग्न नभएमा समितिले कुनै पनि चरणमा दरखास्त रद्द गर्न सक्ने छ ।प्रस्तुतीकरणका लागि मन्त्रालयले फोन मार्फत सम्पर्क गर्नेछ ।

७. यो सूचना मन्त्रालयको वेभसाइट र मिति २०७८।०९।०९ को गोरखापत्र दैनिकमा हेर्न सकिने छ । यस सम्वन्धी थप कुरा वुझ्नु परेका मन्त्रालयको फोन नं ०१-४२००५४४ मा सम्पर्क गर्न सकिने छ ।

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

**मूल्यांकन सम्बन्धी अन्य आधारहरु**

**क) शैक्षिक योग्यता र युवा क्षेत्रको कार्य अनुभव - ३० अङ्क**

१. शैक्षिक योग्यता वमोजिम न्यूनतम योग्यता वापत – स्नातक भए १२ अङ्क, स्नातकोत्तर भए १३.५ अङ्क, विद्यावारिधी भए १५ अंक हुनेछ ।

२. राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा युवाको क्षेत्रमा कार्य अनुभवः ७ वर्षको लागि १० अङ्क र सो भन्दा वढी प्रत्येक वर्षको एक अङ्कका दरले वढीमा ५ अङ्क ।

**ख) कार्ययोजना - ५० अङ्क**

१. परिचय - २ अङ्क
२. दुरदृष्टि, लक्ष्य र उद्देश्य - ५ अङ्क
३. नेपालमा युवाको हक, हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा वर्तमान अवस्था (SWOT analysis सहित) - ८ अङ्क
४. प्रस्तावित योजना (रणनीति र कार्यनीति सहित) - २५ अङ्क
५. योजना कार्यान्वयन खाका - १० अङ्क
६. कार्ययोजना कम्तीमा ३००० शब्दको हुनुपर्नेछ ।

**ग) प्रस्तुतिकरण - २० अङ्क**

१. विषयवस्तुको ज्ञान (युवा र व्यवस्थापन सम्वन्धी) - ८ अङ्क
२. प्रस्तुतीकरण सीप – ४ अङ्क (१० मिनेट)
३. अन्तरक्रिया - ८ अङ्क (५ मिनेट)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अनुसूची- २ कार्ययोजनाको ढाँचा**

क. परिचय

ख. दुरदृष्टि, लक्ष्य र उद्देश्य

ग. नेपालमा युवा क्षेत्रको वर्तमान अवस्था युवाको हक, हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा विश्लेषण ( SWOT analysis सहित)

- नीतिगत र कानुनी व्यवस्था
- संस्थागत संरचनाको अवस्था
- युवा विकास पुर्वाधारको अवस्था
- जनशक्तिको अवस्था
- युवाको हक, हितको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा
- नेपालमा युवा क्षेत्रमा सुधार गर्नु पर्ने प्रमुख पक्ष तथा क्षेत्रहरु( कारण सहित )

घ. प्रस्तावित योजना (रणनीति र कार्यनीति सहित)

- राष्ट्रिय युवा परिषद्को संस्थागत क्षमताको विकास
- युवा तथा जनशक्तिको विकास
- युवाहरुको श्रम, सीप, विकास
- युवा क्षेत्रमा संघ प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य

ङ. योजना कार्यान्वयन खाका

च. कार्ययोजना कम्तीमा ३ हजार शब्दको हुनुपर्नेछ ।

छ. कुनै अन्य स्रोतबाट उल्लेख गरिएको हकमा स्रोत उल्लेख गर्नुपर्नेछ ।

## अनुसूची - १ निवेदनको ढाँचा

### राष्ट्रिय युवा परिषद्को उपाध्यक्ष पदका लागि दरखास्त फारम

फोटो

**क. व्यक्तिगत विवरण**

१. उम्मेदवारको नाम :

२. जन्म मिति : इ.सं/ वि.सं ..........................................................

३. स्थायी ठेगाना : प्रदेश .................................... जिल्ला ............................................
नगरपालिका/गाउँपालिका............................................ वडा नं
...............................
टेलिफोन नं ..................................................

४. अस्थायी ठेगाना : प्रदेश .................................... जिल्ला ............................................
नगरपालिका/गाउँपालिका............................................ वडा नं
...............................
टेलिफोन नं ..................................................

५. नागरिकता : जारी गरिएको
जिल्ला.............................. मिति............................... नगरिकता नं
...........................

६. मोबाइल नम्बर : ..................................................

७. इमेल:..................................................................

**ख. शैक्षिक योग्यता स्नातक र सो भन्दा माथिको मात्र उल्लेख गर्ने । (स्वप्रमाणित गरी प्रतिलिपि संलग्न राखे)**

| शैक्षिक संस्थाको नाम र ठेगाना | उपाधि | अध्ययन वर्ष | | श्रेणी | कैफियत |
|---|---|---|---|---|---|
| | | बाट | सम्म | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग. सम्बन्धित क्षेत्रमा कार्य अनुभवको विवरण युवा सम्बन्धी कार्य कम्तीमा ७ बर्ष र सो भन्दा बढी भए सोको समेत विवरण राखे । अनुभवको अवधि खुल्ने प्रमाणित कागजात संलग्न हुनुपर्नेछ ।**

| संस्था/ निकायको नाम र ठेगाना | कार्य अवधि | मुख्य उत्तरदायित्व | कैफियत |
|---|---|---|---|

| | बाट | सम्म | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

माथि उल्लेखित मेरो व्यक्तिगत विवरण ठिक साँचो छ । झुठ्ठा ठहरिएमा यसै विवरणको आधारमा बदर गरिएमा म कुनै किसिमको उजुरबाजुर गर्ने छैन ।

दरखास्तवालाको हस्ताक्षर :

मिति :

ल्याप्चे सहीछाप

| दाँया | बाँया |
|---|---|
| | |

नोट : दरखास्तको साथमा तल उल्लेखित कागजातका छाँयाप्रतिहरु संलग्न गर्नुपर्नेछ ।

(क) नेपालको नागरिकता प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपि ।

(ख) शैक्षिक योग्यता सम्वधी कागजातहरुका स्वयं प्रमाणित प्रतिलिपि, कम्तिमा स्नातकतह र सो भन्दाको माथिल्लो योग्यता भए सो समेत ।

(ग) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा युवा क्षेत्रमा स्नातक तह र सो भन्दा माथि कम्तिमा ७ वर्ष र सो भन्दा बढी अवधिको भए सो समेत काम गरेको अनुभव खुल्ने कागजातका स्वयं प्रमाणित प्रतिलिपि र सो भन्दा बढी अवधिको कार्यको अनुभव भए सो समेत।

(घ)युवाको विकास र उन्नयनका लागि कार्ययोजना (परिचय, दुरदृष्टि, लक्ष्य र उद्देश्य, नेपालमा युवा क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण - SWOT analysis, रणनीति र कार्यनीति सहित प्रस्तावित योजना, योजना कार्यान्वयनको खाका समेत समेटिएको) ।